फोन:-०४४-४११०५२

# औरही नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०७८/०७९
चलानी नं. :-

दोश्रो पटक प्रकाशित सूचना
मिति २०७९/०४/०९ गते

विषय :- हटिया बैठकी बट्टीको शिलबन्दी बोलपत्र आह्वानको सूचना ।

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम लिन पाउने न.पा. क्षेत्र भित्र अस्थायी धुम्ती पसल बैठकी बट्टी समेत असुल तहसिल गर्ने कार्यको ठेक्का आ.व. २०७९ श्रावण १ गते देखि २०८० अषाढ मसान्तसम्म वर्ष १ को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले उक्त ठेक्का लिन इच्छुक व्यक्ति, फर्म, संघ संस्थाले निम्न शर्त बन्देजको अधिनमा रही रितपूर्वक सिलवन्दी बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ । यो सूचना दोश्रो पटक प्रकाशित भएको मिति २०७९/०४/०९ गतेदेखि २०७९/०४/१६ गतेसम्म कार्यालय समय भित्र रु. १,०००।- (अक्षरेपी एक हजार मात्र) फिर्ता नहुने तिरी बोलपत्र फारम खरिद गर्न सकिने छ । खरिद गरिएको बोलपत्र फारम भरी २०७९/०४/१७ गते दिनको २ : ०० बजे रितपूर्वक खोलिने छ ।

**निम्न बमोजिमको हाट बजार**

| सि. नं. | वडा नं. | हाट वजार | कबोल रकम रु. | धरौटी रकम ५% | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४ | कठुधार बजार | १,५०,०००। | ७,५००। | |
| २ | ८ | टिमकिया बजार | ४०,०००। | २,०००। | |

**शर्त तथा बन्देजहरु**

१. आ.व. २०७९/०८० का लागि ठेक्काको रकम भन्दा माथि सबै भन्दा वढी रकम कवोल गर्ने सारभुत रुपमा प्रभावग्राही वोलपत्र दातालाई नियमानुसार एक वर्षका लागि ठेक्का दिई चलन गर्न दिइने छ ।

२. नगरपालिकालाई तिर्न वक्यौता रहेको, पेश्की तथा वेरुजु रहेको, नगरपालिकाको कालो सूचीमा राखी सेवा रोक्का व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यहरुले लिन पाउने छैन ।

३. प्राप्त बोलपत्रहरु यो मिति २०७९/०४/१७ गते दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।

४. वोलपत्र दिने व्यक्ति नेपाली नागरिक ५ प्रतिशत दरले बोलपत्र अंकको धरौटी रकम यस नगरपालिकाको सिटिजन्स बैंकमा रहेको धरौटी खाता हि.नं. ०६६०१०००००१२४२०१ मा जम्मा गरि सो को सक्कलै भौउचर यस कार्यालयमा वोलपत्र रहेको धरौटी जम्मा गर्नु पर्ने छ ।

५. वोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार न.पा.कार्यालयमा सुरक्षित रहने छ ।

६. सदर हुंने वोलपत्रदाताले ठेक्का अंकको दामासाहिले हुंने आउने सम्पूर्ण ठेक्का रकम ३ (तीन) किस्तामा चुक्ता गर्नु पर्ने छ । पहिलो किस्ता रकम सम्झौता गर्दा नै अनिवार्य दाखिला गर्नु पर्ने छ । दोश्रो किस्ता रकम २०७९ साल कार्तिक मसान्तसम्ममा जम्मा गर्ने पर्ने छ । तेश्रो किस्ता रकम २०७९ चैत्र मसान्तसम्म अनिवार्य रुपमा चुक्ता गर्ने पर्ने छ । तोकिएको समयमा किस्ता रकम चुक्ता गर्ने अवधी रहने छ । सो अवधिसम्म पनि ठेक्का रकम चुक्ता नगरेमा ठेकेदार र नगरपालिका विच भएको सम्झौता स्वत भंग भएको मानी सरकारी बाँकी सरह वक्यौता रकम असुल उपर तर्फ नियमानुसार कारवाही अगाडी वढाइने छ । आ.व. २०७९/०८० सम्मको एक वर्ष अवधिको वाँकी किस्ता वरावरको रकमको परफरमेन्स बण्ड (बैंक ग्यारेन्टी) दिनु पर्ने छ । धन तथा जेथा जमानीलाई मान्यता दिइने छैन ।

७. ठेकेदारले राखेको वैंक ग्यारेन्टी रकम नगरपालिकाले जुनसुकै वखत माँग गरी आफ्नो वक्यौता रकम असुल उप गर्ने छ ।

फोन:-०४४-४११०५३

# औरही नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०७८/०७९
चलानी नं. :-

८. ठेकेदारले ठेक्का रकम असुल उपर गर्दा सडकमा कुनै पनि प्रकारको ढाट वा अवरोधकहरु राख्ने पाउने छैन ।

९. ठेक्का चलनको सम्बन्धमा अदालत, नगरपालिका, स्थानीय प्रशासन, नेपाल सरकारले दिएको आदेश निर्देशनको बिना शर्त पालना गर्नु गराउनु पर्ने छ । सो पालना गर्दा कुनै क्षति, हानी नोक्सानी भयो भने नगरपालिका समक्ष माँग दावी ठेकेदारले गर्न पाउने छैन ।

१०. ठेक्का चलन गर्दा प्रचलित नेपाल कानून (संघीय, प्रदेश तथा स्थानीय सरकार) बमोजिम गर्न गराउनु पर्ने छ । सो अनुसार नगरेमा ठेकेदार नै स्वत जिम्मेवार हुनेछ ।

११. ठेक्का चलन गर्दा तोकिएको दररेट भन्दा बढी रकम कुनै पनि हालतमा ठेकेदारले उठाउन पाउने छैन । न.पा. को छाप लागेको रसिद, भरपाई प्रयोजनमा ल्याउनु पर्ने छ । कुनै गलत वा अवैधानिक प्रकृया अपनाएको पाएमा बढीमा ३ पटकसम्म न.पा.ले सचेत गराउने छ । सो गर्दा पनि अटेरी गरेमा न.पा.ले तोडी नियमानुसारको कारवाहीका लागि प्रकृया अगाडी बढाउने छ ।

१२. नेपाल सरकारलाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुर रकम ठेकेदारले नै बुझाउनु पर्ने छ ।

१३. कुनै किसिमको हडताल, बन्दी चक्काजाम भएका दिनको रकम मिन्हा माग्ने पाइने छैन ।

१४. स्वीकृत बोल कबोल अंकको रकम एक मुष्ट जम्मा गरेमा कबोल अंक रकमको १०% छुट हुने छ ।

१५. ठेकेदारले न.पा.ले तोकेको दररेट ठेक्का उठाउने स्थलमा सबैले देख्ने गरी होर्डिंग बोर्ड बनाई राख्नु पर्ने छ ।

१६. ठेक्का चलन गर्दा विवाद पेरमा त्यसको सामाधान ठेकेदारले गर्नु पर्ने छ ।

१७. ठेकेदार र नगरपालिका कार्यालय बिच विवाद उतपन्न भएको औरही नगरपालिकाले गरेको निर्णय अन्तिम र दुबै पक्षलाई मान्य हुने छ ।

१८. कुनै पनि बाहान वा कारण देखाई ठेक्का रकम मिनाहा, छुट ठेकेदारले दावी वा माँग गर्न पाउने छैन ।

१९. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुने छ ।

२०. बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।

.................................
धीरेन्द्र लाल कर्ण
नि. प्रमुख प्रशासकीय अधिकृत

धीरेन्द्र लाल कर्ण
नि. प्रमुख प्रशासकीय अधिकृत